उच्च अदालत दिपायल
२०७९/११/१८
प्रतिलिपि प्रमाणित
२०७९/११/१८
नि.रजिष्ट्रार

उच्च अदालत
दिपायल, डोटी
२०७३

उच्च अदालत दिपायलका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाज्युको अध्यक्षतामा, आज मिति २०७९/१०/२६ मा बसेको पूर्ण बैठक देहाय बमोजिम निर्णय गर्दछ:-

१. मुद्दाको काम कारवाहीमा सूचना प्रविधिको प्रयोगमार्फत न्याय सम्पादनको कार्यलाई छिटो, छरितो, कम खर्चिलो, पहुँचयोग्य, एवम् प्रभावकारी बनाउन सर्वोच्च अदालतको मिति २०७६/११/१४ को पूर्ण बैठकले श्रव्यदृश्य सम्बादमार्फत बहस ब्यवस्थापन गर्ने सम्बन्धमा गरेको निर्णय, सम्बन्धित कानूनहरुमा श्रव्यदृश्य सम्बादबाट मुद्दामा बहस, बकपत्र लगायतको प्रयोग गर्न सकिने गरी भइरहेको कानूनी व्यवस्थासमेतका आधारमा यस अदालतमा मुद्दाको सुनुवाईको क्रममा श्रव्यदृश्य सम्बादको माध्यमबाट कानून व्यवसायीबाट बहसको सुरुवात २०७८ चैतको पहिलो साताबाट गरिएको र भिडियो कन्फरेन्सिङ्गमार्फत मुद्दामा बहस, विशेषज्ञ तथा साक्षीको बकपत्रसमेतका कार्यहरुको निरन्तरता रहदै आएकोमा सुरुआत चरणदेखि हालसम्मको अनुभव, सरोकारवालाहरुबाट प्राप्त पृष्ठपोषणसमेतका आधारमा श्रव्यदृश्य सम्बाद (Video Conference) को माध्यमबाट बहस तथा बकपत्रको कार्यलाई थप प्रभावकारी बनाउन देहाय बमोजिम गर्ने गराउने:-

क) सम्मानित सर्वोच्च अदालतबाट जारी भएको अदालतमा श्रव्यदृश्य सम्बाद (Video Conference) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८ को प्रभावकारीरुपमा कार्यान्वयन गर्ने गराउने।

ख) बुँदा नं.(क) मा उल्लेख भएको अतिरिक्त यस अदालतमा प्रयोग भइरहेको भिडियो कन्फरेन्सिङ्गमार्फत बहस तथा बकपत्रको कार्यलाई थप ब्यवस्थित गर्न गराउन देहायका आन्तरिक ब्यवस्थापनसँग सम्बन्धित कुराहरुको प्रयोग र पालना गर्ने गराउने:-

१. यस अदालत अन्तर्गत विकट पहाडी/हिमाली जिल्लाहरुसमेत भई तराईका जिल्लाबाट आउन जान समेत समय लाग्ने भई भौगोलिक दूरी र विकटताका कारण अदालतसमक्षको सहज पहुँच हुन कठीन रहेको यथार्थ अवस्थालाई मध्यनजर गरी श्रव्यदृश्य सम्बादमार्फत बहस गर्नका लागि कम्तिमा एक दिन अगावै तथा विशेषज्ञ/साक्षीले आफ्नो परिचय खुल्ने कागजसहित बकपत्र हुने तोकिएको तीन दिन अगावै बकपत्रको लागि यस अदालतको इमेल (info.hcdipayal@supremecourt.gov.np acourtdipayal@gmail.com) मार्फत मोबाइल नं. र ब्यक्तिगत ईमेल ठेगानासहित सबै ब्यहोरा खुलाई तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ।

२. यस्तो निवेदनमा विशेषज्ञले उपस्थित हुन नसकेको कारण खुलाई कुन अदालतबाट श्रव्यदृश्य सम्बादमार्फत बकपत्र गर्न चाहेको हो, सो खुलाउनु पर्नेछ। यसरी निवेदन प्राप्त भएपछि बकपत्रका हकमा निवेदन दर्ता भएकै दिन वा सोको भोलिपल्ट सम्बन्धित विशेषज्ञलाई श्रव्यदृश्य सम्बादमार्फत बकपत्रका लागि अनुमति दिई सम्बन्धित अदालतलाई आवश्यक समन्वय र व्यवस्थापनको लागि बकपत्र हुनभन्दा अगावै जानकारी दिइनेछ। बहसको हकमा सम्बन्धित कानून व्यवसायीलाई निजले उपलब्ध गराएको इमेल

उच्च अदालत
दिपायल, डोटी
२०७३

ठेगाना वा मोबाइल नं.मा युजर आइडि र पासवर्डसहितको लिङ्क यस अदालतको सूचना प्रविधि शाखाले समयमा नै उपलब्ध गराउने।

३. श्रव्यदृष्य सम्बादमार्फत बहस गर्ने कानून व्यवसायीले कुन स्थानबाट बहस गर्ने हो, निवेदनमा खुलाउनु आवश्यक हुनेछ। आफ्नोतर्फको प्रयास क्षमतासहितको इन्टरनेट Bandwith को व्यवस्थापन कानून व्यवसायी स्वयंले मिलाउनु पर्ने।

४. श्रव्यदृश्य सम्वादमार्फत बहस गर्न निवेदन गर्ने कानून व्यवसायीले सुनुवाईको समयमा लिङ्कमा जोडीएर पनि बहसमा नआएमा मुद्दाको सुनुवाई अगाडि बढाईने छ। तर श्रव्यदृश्य सम्बाद(Video Conference)को लिङ्कमा जोडिएर पनि दोहोरो सम्बाद हुन नसकेमा भने कारण जनाई स्थगन गर्न सकिनेछ।

५. श्रव्यदृश्य सम्वादमार्फत बहस हुने मुद्दामा मिसिल संलग्न गर्नुपर्ने कुनै कागजात वा नजीर वा सन्दर्भ सामाग्री प्रस्तुत गर्नुपर्ने भएमा सोको छविचित्र उतार गरी मुद्दाको अघिल्लो दिनभित्र Scan गरी सम्बन्धित कानून ब्यवसायीले इमेल गरी पठाउन सकिनेछ। यसरी इमेलबाट प्राप्त भएका सन्दर्भ सामाग्रीसहितका कागजातलाई सम्बन्धित इजलाससमक्ष पेश गरिनेछ।

६. श्रव्यदृश्य सम्वादमार्फत बहस गर्ने मुद्दामा कानून व्यवसायीले बहसनोट पेश गर्न चाहेमा पेशीको अघिल्लो दिन इमेल गरी पठाउन सकिने छ।

७. श्रव्यदृश्य सम्बादमार्फत सुनुवाई हुने गरी माग भएको मुद्दामा कानून व्यवसायीको वकालतनामा संलग्न नरहेको भएमा पक्ष वा कानून व्यवसायीले सम्बन्धित अदालतहरुमा रसिद काटी वकालतनामा र रसिदको छविचित्र Scan इमेलमार्फत पठाई सुनुवाईमा सहभागी हुन सकिनेछ।

८. कैलाली जिल्ला अदालत बार एशोसियसनमा श्रव्यदृश्य सम्बाद उपकरणको व्यवस्था गरिएको हुँदा त्यहाँ उपस्थित कानून व्यवसायीले त्यसमार्फत वा आफ्नो चेम्बरबाटसमेत र अन्य जिल्लाका कानून व्यवसायीले आफ्नो चेम्बरबाट वा अदालतसंगको समन्वयमा अन्य अदालतको उपयुक्त कक्षबाट वा कानून ब्यवसायी आफैले ब्यवस्थापन गरेको कुनै उपयुक्त स्थानबाट इजलासमा भौतिकरुपमा उपस्थित रहँदा कायम गरिने इजलासको मर्यादा कायम गर्दै बहस गर्न सकिनेछ।

९. श्रव्यदृश्य सम्बादमार्फत बकपत्रको लागि विशेषज्ञ/साक्षीको निवेदन परी अनुमतिको आदेशको जानकारी प्राप्त भएपछि सम्बन्धित अदालतमा तोकिएको मिति एवं समयमा पुगी सम्पर्क गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ। त्यस्तो निबेदन अनुमतिको लागि सम्बन्धित इजलास समक्ष पेश गर्नुपर्ने छ।

१०. सम्बन्धित अदालतले श्रव्यदृश्य सम्बादमार्फत बकपत्रको लागि उपस्थित भएको जानकारी गराएपछि इजलासले बकपत्रको सुरुआत गर्ने अनुमति दिनेछ।

११. बकपत्रका लागि सम्बन्धित अदालतमा तोकिएको समयमा उपस्थित भई उक्त अदालतले तोकेको स्थानमा बसी तोकिएको अधिकृतको रोहबरमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-३७ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची-१६

उच्च अदालत
दिपायल, डोटी
२०७३

बमोजिम श्रव्यदृश्य सम्बादमा रहेका न्यायाधीशको समक्ष सपथ खानु पर्ने र सपथ खानेको सहिछाप गराई मिसिल सामेल राखिनेछ।

१२. श्रव्यदृश्य सम्बादमार्फत हुने बकपत्रमा पक्ष वा नियुक्त कानून व्यवसायीहरुले भौतिकरुपमा यस अदालतको इजलास कक्षमा उपस्थित भई वा श्रव्यदृश्य सम्बादमार्फत सोधपुछ वा जिरह गर्न सक्नेछन्।

१३. विशेषज्ञसाक्षीको बकपत्र गराउँदा सम्बन्धित अदालतले मुचुल्का गरी सहीछाप गराई सम्बन्धित अदालतका अधिकृत र कर्मचारीले प्रमाणित गरी यस अदालतमा पठाइदिनु पर्नेछ। प्राप्त मुचुल्का मिसिल सामेल गरी राखिनेछ र एक प्रति Scan गरी सम्बन्धित अदालतमा अभिलेखकोरुपमा रहने ब्यवस्था मिलाईनेछ ।

१४. श्रव्यदृश्य सम्बादमार्फत बकपत्र गरेको ब्यहोराको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०९(६) सँग सम्बन्धित अनुसूची-४०, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८२(५) सँग सम्बन्धित अनुसूची-१५ बमोजिमको ढाँचामा मुचुल्का गराई लिपिबद्ध गरिएको प्रति न्यायाधीशको सही गरी र विद्युतीय प्रति खामबन्दी गरी बन्द बन्दमा उपस्थित पक्ष/वारिस/कानून व्यवसायी तथा कर्मचारीसमेतको सहीछाप गरी अभिलेख गरी मिसिल संलग्न गरिनेछ।

१५. श्रव्यदृश्य सम्बादमार्फत बहसका लागि एकपटक निवेदन दिएपछि पुनः निवेदन दिनुपर्ने छैन।

१६. श्रव्यदृश्य सम्बादमार्फत बहसको लागि निवेदन परेको मुद्दामा समेत सुनुवाई स्थगनको निवेदन दिनुपरेमा सुनुवाई हुने तोकिएको दिनको १०:३० बजेभित्र निवेदन अदालतमा आईसकेको हुनुपर्नेछ। यसरी निवेदन प्राप्त भएपछि इजलासमा पेश गरी इजलासबाट भएको आदेश अनुसार हुनेछ।

१७. श्रव्यदृश्य सम्बादमार्फत बहस गर्दा बन्द इजलास र गोपनीयता कायम गर्नुपर्ने मुद्दाहरुमा बन्द इजलासमा अपनाइने कार्यविधिलाई कानून व्यवसायीले आफू बहस गर्ने स्थानमासमेत पालना गर्नुपर्नेछ।

१८. श्रव्यदृश्य सम्बादमार्फत बहस/बकपत्र गर्ने कानून व्यवसायी, विशेषज्ञ/साक्षी, मुद्दाका पक्षहरुसमेतबाट इजलासको मर्यादा कायम गर्ने दायित्व रहनेछ। सम्बन्धित बाहेक अन्य व्यक्तिको उपस्थितिलाई निषेध गर्नुपर्ने छ।

१९. मुद्दाका पक्ष, साक्षी, विशेषज्ञ, कानून व्यवसायी, अदालतका कर्मचारी तथा श्रव्यदृश्य सम्बादसँग सम्बन्धित व्यक्तिहरुले आफ्नो परिचय खुल्ने पहिचान वा परिचयपत्र वा परिचय खुल्ने विरणसहित श्रव्यदृश्य सम्बादमा सहभागी हुनुपर्नेछ।

२०. अदालतले बहसको श्रव्यदृश्य सम्वादको आवश्यकता अनुसार रेकर्ड गर्न सक्नेछ। बकपत्रको रेकर्ड गरी मिसिलमा समेत राखिने छ। श्रव्यदृश्य सम्बादमार्फत भएको बहस वा बकपत्रको विद्युतीय रेकर्ड अदालतबाहेक अरुले गर्न पाउने छैन। रेकर्ड गरी अनाधिकृत दिनसमेत पाईने छैन।

उच्च अदालत
दिपायल, डोटी
२०७३

ग) सर्वोच्च अदालतबाट जारी अदालतमा श्रव्यदृश्य सम्बाद (Video conference) मार्फत सुनुवाई सन्चालन सम्बन्धी निर्देशिका, २०७८ तथा यस अदालतको पूर्ण बैठकबाट पारित प्रस्तुत श्रव्यदृश्य सम्बादमार्फत हुने बहस तथा वकपत्र सम्बन्धी उपरोक्त उल्लेखित आन्तरिक कार्यविधिसँग सम्बन्धित बुँदाहरु यस अदालत मातहतका अदालतहरुमा आवश्यक जानकारी र व्यवस्थापनको लागि लेखि पठाउने। त्यस्तै सम्बद्ध सबै कानून व्यवसायी तथा बार एशोसियसनको जानकारी र आवश्यक व्यवस्थापन हुनको लागि उच्च अदालत बार एशोसियन दिपायल, उच्च सरकारी वकिल कार्यालय दिपायलमा तथा यस अदालतका क्षेत्राधिकारमा पर्ने जिल्लाका जिल्ला अस्पतालहरुमासमेत पठाइदिने। प्रस्तुत आन्तरिक व्यवस्थापनसंग सम्बन्धित उपरोक्त कार्यविधिका बुदाँहरु यस अदालतको वेवसाईटमा समेत राख्ने।

घ) श्रव्यदृश्य सम्बादमार्फत बहस/बकपत्र हुने कार्यको प्राविधिक पक्षको थप प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन हुन श्रव्यदृश्य सम्बादमार्फत बहस र बकपत्रको अभिलेखको लागि सफ्टवयरमा राख्ने व्यवस्था हुन, उपकरण, श्रोत साधन र विज्ञता उपलब्ध हुन सर्वोच्च अदालत सूचना प्रविधि महाशाखा/समितिमा अनुरोध गरी लेखी पठाउने।